# त्रिभुवन विश्वविद्यालय बुलेटिन
# Tribhuvan University Bulletin

वर्षः–४० २०६४ चैत अङ्क :–९





**नयाँवर्ष २०६५ को शुभउपलक्ष्यमा त्रिभुवन विश्वविद्यालयका शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक तथा शुभचिन्तक सबैमा सुख, शान्ति, समृद्धिको मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

*त्रिभुवन विश्वविद्यालय बुलेटिन*

## भाषाविज्ञान केन्द्रीय विभागले भाषिक सर्वेक्षण गर्ने

काठमाडौं । त्रिभुवन विश्वविद्यालय भाषाविज्ञान केन्द्रीय विभागले नेपालको भाषिक सर्वेक्षणको लागि विभागका प्रमुख प्रा.डा. योगेन्द्रप्रसाद यादवको नेतृत्वमा विस्तृत प्रस्ताव तयारी टोली गठन गरेको छ ।

टोलीमा प्रा.डा. चूडामणि बन्धु, प्रा.डा. तेजरत्न कंसाकार, प्रा.डा. माधवप्रसाद पोखरेल, प्रा.डा. नोवलकिशोर राई र प्रा. निर्मलमान तुलाधर सदस्य रहनुभएको छ । त्यसैगरी सोही उद्देश्यका लागि विदेशी विशेषज्ञहरू स्टिभ वाटर्स र डा. कार्ल ग्रोभ सदस्य रहनुभएको एक सल्लाहकार टोली पनि गठन गरिएको छ ।

नेपाल सरकार राष्ट्रिय योजना आयोगले त्रिवि भाषाविज्ञान केन्द्रीय विभागलाई नेपालको भाषिक सर्वेक्षणको विस्तृत प्रस्ताव तयार पारी सर्वेक्षण गर्ने जिम्मेवारी दिएबमोजिम विभागले सो प्रयोजनका लागि टोली गठन गरेको हो ।

टोलीले नेपालका भाषा-भाषिकाबारे विस्तृत सर्वेक्षण गर्न प्रस्ताव तयार पार्ने, नेपालका विभिन्न भाषा तथा भाषिकाको भौगोलिक क्षेत्र, पारस्परिक बोधगम्यता, मातृभाषा र वरिपरिका अरू भाषाहरूप्रतिको अभिवृत्ति र तिनको जीवन्तता र शिक्षामा प्रयोगको सम्भाव्यतासम्बन्धी सूचना संकलन गर्ने, लोपोन्मुख भाषाहरूको अभिलेखन, मुलुकका विभिन्न भाषामा मौखिक परम्परामा रहेका सामग्रीको संकलन र ती भाषाका विस्तृत वर्णिक र व्याकरणिक रूपरेखा तयार पार्न सूचना संकलन गर्ने छ ।

त्यसैगरी भाषा तथा भाषिकाको लेखन पद्धतिबारे सूचना संकलन गरी अलिखित भाषाको स्तरबाट लिखित भाषाको स्तरमा पुऱ्याउन चालिनुपर्ने कदमबारे अध्ययन गर्ने र नेपालका विभिन्न भाषाहरूमा साक्षरता सामग्री उत्पादनका लागि सूचना संकलन गर्ने कार्य पनि सो टोलीले गर्ने छ ।

नेपालको अन्तरिम संविधान (२०६३) ले सबै मातृभाषालाई प्राथमिक शिक्षा, संचार तथा स्थानीय प्रशासनमा प्रयोग गरेर त्यसको संरक्षण तथा संवर्द्धन गर्न पाउने हरेक नागरिकको मौलिक अधिकार सुनिश्चित गरेको छ । सरकारले यसै संवैधानिक प्रावधानलाई ध्यानमा राखेर समावेशी विकासका लागि नेपालका भाषा, धर्म, संस्कृतिको संरक्षण तथा संवर्द्धन गर्ने रणनीति पनि तय गरेको छ । यसै सन्दर्भमा नेपालको भाषिक सर्वेक्षण गरिन लागेको हो ।

सर्वेक्षणका लागि आर्थिक स्रोत योजना आयोगले व्यवस्था गर्नेछ भने भाषाविज्ञान केन्द्रीय विभागले जनशक्ति परिचालन गरी सर्वेक्षण कार्य संचालन गर्ने द्विपक्षीय समझदारी भएको छ ।

## डीन प्रा.डा. आचार्य सदस्यमा मनोनीत

काठमाडौं । त्रिभुवन विश्वविद्यालयले त्रिवि प्राज्ञिक परिषद् स्थायी समितिको सदस्यमा व्यवस्थापन संकायका डीन प्रा.डा. गोविन्दप्रसाद आचार्यलाई २०६४ माघ ११ गतेको निर्णयअनुसार अर्को व्यवस्था नभएसम्मका लागि मनोनयन गरेको छ ।

साथै उहाँलाई परिषद्को सचिव भई काम गर्न समेत त्रिविले तोकेकोछ।

# सूचना व्यवस्थापनसम्बन्धी सम्मेलन आयोजना

काठमाडौं । सूचना तथा संचारमन्त्री कृष्णबहादुर महराले त्रिवि केन्द्रीय पुस्तकालय र हेल्थनेट नेपालद्वारा संयुक्तरूपमा आयोजित सूचना तथा ज्ञान व्यवस्थापनसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको चैत १४ गते एक समारोहबीच उद्घाटन गर्नुभयो ।

आइएफएलए/एएलपी र आईएनएएसपी यूकेको आर्थिक सहयोगमा भएको २ दिने सो सम्मेलनमा एसिया, युरोप र संयुक्त राज्य अमेरिकाका विभिन्न ४० भन्दा बढी पुस्तकालयमा काम गर्ने विशेषज्ञको सहभागिता रहेको छ ।

लिखितरूपमा रहेका महत्त्वपूर्ण तथ्य, तथ्यांक तथा दस्तावेजहरूलाई डिजिटलीकृट गरी इन्टरनेटको माध्यमबाट विश्वभरि कम समयमा के कसरी उपलब्ध गराउने भन्नेबारे विस्तृत छलफल गर्न सो सम्मेलन आयोजना गरिएको हो ।

उद्घाटन समारोहमा प्रमुख अतिथिको आसनबाट बोल्दै मन्त्री महराले सूचनाका स्रोतहरूलाई केन्द्रीकृत गर्ने, एकै थलोमा ल्याउने, आधुनिकीकरण गर्नका लागि यो सम्मेलन सफल हुने आशा व्यक्त गर्नुभयो ।

कार्यक्रममा त्रिविका उपकुलपति प्रा.डा. माधवप्रसाद शर्माले सभापतिको आसनबाट बोल्दै पुस्तकालय भनेको ज्ञानको भण्डार भएकाले यहाँ ज्ञान हासिल गर्न आउने प्रत्येकलाई उसले खोजेका सामग्री सजिलै र छिटो भेट्टाउन सहयोग पुऱ्याउने दायित्व पुस्तकालयमा काम गर्नेहरूको हुने बताउनुभयो ।

प्रा.डा. शशिधरराम जोशीले धन्यवाद ज्ञापन र केन्द्रीय पुस्तकालय प्रमुख कृष्णमणि भण्डारीले स्वागत मन्तव्य दिनुभएको सो समारोहमा हेल्थनेटका मोहनराज प्रधानले कार्यक्रम बारे प्रकाश पार्नुभएको थियो ।

## अनुरोध

मासिक प्रकाशन त्रिभुवन विश्वविद्यालय बुलेटिनमा प्रकाशनार्थ समाचार, जानकारी, सूचना पठाई सहयोग गरिदिनु हुन डीन कार्यालय, अनुसन्धान केन्द्र, केन्द्रीय विभाग, क्याम्पस तथा त्रिविका अन्य निकायहरूलाई हार्दिक अनुरोध छ ।

*त्रिभुवन विश्वविद्यालय बुलेटिन*

## त्रिवि बुलेटिन वेबसाइटमा

त्रिभुवन विश्वविद्यालय सूचना शाखाबाट प्रकाशित त्रिवि बुलेटिन वेबसाइटमा उपलब्ध छ :

WWW.tribhuvan-university.edu.np

# विद्यावारिधि उपाधि प्रदान

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकायले विभिन्न महानुभावहरूलाई निम्नअनुसार विभिन्न विषयमा विद्यावारिधि उपाधि प्रदान गर्ने निर्णय गरेको छ ।



**मोहनशम्शेर थापा:** राजनीतिशास्त्र विषयअन्तर्गत Socio-Economic Challenges Among South Asian Countries शीर्षकको शोधपत्रका लागि मोहनशम्शेर थापालाई विद्यावारिधि उपाधि प्रदान गर्ने निर्णय संकायको २०६४ पुस १६ गतेको बैठकले गरेको छ ।



**प्रकाश उपाध्याय:** मानवशास्त्र विषयअन्तर्गत User Groups Participation in Community Forestry Resource Management and Development in Syangza District of Western Nepal शीर्षकको शोधपत्रमा विद्यावारिधि उपाधि प्रदान गर्ने निर्णय संकायको अनुसन्धान समितिको २०६४ फागुन ८ गतेको बैठकले गरेको छ ।



**अनिता ढुंगेल:** अंग्रेजी विषयअन्तर्गत The Silent Ministry: A Study of Silence in Poetry शीर्षकको शोधपत्रमा विद्यावारिधि उपाधि प्रदान गर्ने निर्णय संकायको अनुसन्धान समितिको २०६४ पुस २० गते बसेको बैठकले गरेको छ ।

उहाँ त्रिवि अंग्रजी केन्द्रीय विभाग कीर्तिपुरमा उपप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।



**वशिष्टप्रसाद रिजाल:** विज्ञान तथा प्रविधि अध्ययन संस्थानले सुक्ष्मजीव विज्ञान (माइक्रोबायोलोजी) विषयअन्तर्गत Study of Multi-Drug Resistance Tuberculosis in Nepal शीर्षकको शोधपत्रमा विद्यावारिधि उपाधि प्रदान गर्ने निर्णय संस्थानको अनुसन्धान समितिको २०६४ माघ १० गतेको बैठकले गरेको छ ।

# विभिन्न पदहरूमा नियुक्ति

त्रिभुवन विश्वविद्यालयले विभिन्न पदहरूमा निम्नअनुसार नियुक्त गरेको छ :

| नाम | पद | नियुक्ति स्थान | नियुक्ति लागु मिति |
|---|---|---|---|
| डा. कमलदास मानन्धर | सहायक डीन | व्यवस्थापन संकाय,कीर्तिपुर | २०६४।१।२७ |
| डा. हरि महर्जन | ,, | शिक्षाशास्त्र संकाय,कीर्तिपुर | २०६४।१।२७ |
| श्री लक्ष्मीनारायण यादव | ,, | शिक्षाशास्त्र संकाय,कीर्तिपुर | २०६४।१।२७ |
| डा. मुकुन्द गजुरेल | कार्यकारी निर्देशक | अन्तर्राष्ट्रिय सम्बन्ध केन्द्र,कीर्तिपुर | २०६४।१।२७ |
| श्री कृष्ण बेलवासे | क्याम्पस प्रमुख | नेपाल ल क्याम्पस,प्रदर्शनीमार्ग | २०६४।१।२७ |
| श्री देवीदत्त शाह | ,, | महेन्द्र वि.ब.क्याम्पस,राजविराज | २०६४।१।२७ |
| श्री पुरुषोत्तमप्रसाद उपाध्याय | प्रमुख | कर्मचारी प्रशासन महाशाखा,कीर्तिपुर | २०६४।१।२१ |
| श्री नारायणप्रसाद खनाल | कानुनी सल्लाहकार | प्रमुख कानुनी स.कार्यालय,कीर्तिपुर | २०६४।१०।२८ |

# सहप्राध्यापक र उपप्राध्यापकमा नियुक्ति

त्रिभुवन विश्वविद्यालयले विभिन्न महानुभावहरूलाई सहप्राध्यापक र उपप्राध्यापक पदमा नियुक्त गरेको छ :

**सह प्राध्यापक:**

| नाम | विषय | नियुक्ति स्थान | नियुक्ति लागु मिति |
|---|---|---|---|
| सुश्री निर्मला उप्रेती | गृह विज्ञान | पद्मकन्या बहुमुखी क्याम्पस,वागवजार | २०६२।७।१३ |
| श्री शरच्चन्द्र वस्ती | संस्कृत | ,, | २०६२।१२।१५ |

**उप प्राध्यापक:**

| नाम | विषय | नियुक्ति स्थान | नियुक्ति लागु मिति |
|---|---|---|---|
| श्री ताराकान्त झा | रसायनशास्त्र | मेची बहुमुखी क्याम्पस,भद्रपुर | २०६४।१०।२३ |
| श्री भुषण काफ्ले | ,, | पूर्वाञ्चल क्याम्पस(इ.अ.सं.)धरान | ,, |
| श्री कुलदेव यादव | ,, | वीरेन्द्र बहुमुखी क्याम्पस,भरतपुर | ,, |
| श्री प्रमोदकुमार यादव | ,, | ठाकुरराम बहुमुखी क्याम्पस,वीरगञ्ज | ,, |
| श्री दिपककुमार श्रेष्ठ | ,, | त्रिभुवन बहुमुखी क्याम्पस,पाल्पा | ,, |
| श्री यज्ञरथ खड्का | ,, | पृथ्वीनारायण बहुमुखी क्याम्पस,पोखरा | ,, |
| श्री कृष्णप्रसाद पौडेल | ,, | बुटवल बहुमुखी क्याम्पस,बुटवल | ,, |
| श्री कोषराज सुवेदी | ,, | पश्चिमाञ्चल क्याम्पस,पोखरा | ,, |
| श्री हरिशरण अधिकारी | ,, | ,, | ,, |
| श्री आत्मराम भट्ट | ,, | सिद्धनाथ विज्ञान क्याम्पस,महेन्द्रनगर | ,, |
| श्री पवनकुमार लाभ कर्ण | व्यवस्थापन | मेची बहुमुखी क्याम्पस,भद्रपुर | ,, |
| श्री बासु न्यौपाने | ,, | ,, | ,, |
| श्री प्रकाशचन्द्र न्यौपाने | ,, | महेन्द्ररत्न बहुमुखी क्याम्पस,इलाम | ,, |
| श्री हरिप्रसाद आचार्य | ,, | भोजपुर बहुमुखी क्याम्पस,भोजपुर | ,, |
| श्री अनन्तजीवन लुईटेल | ,, | ,, | ,, |
| श्री प्रेमबहादुर बुढाथोकी | ,, | ,, | ,, |
| श्री बुलन साह | ,, | महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पस,राजविराज | ,, |
| श्री राजेन्द्रप्रसाद कर्ण | ,, | ,, | ,, |
| श्री सुमनप्रसाद सिंह | ,, | ,, | ,, |
| श्री अरविन्द कुमार | ,, | ,, | ,, |
| श्री दीनानाथप्रसाद माझी | ,, | ,, | ,, |
| श्री सुशील दाहाल | ,, | ,, | ,, |
| श्री महेन्द्रप्रसाद यादव | ,, | ,, | ,, |
| श्री केदारराज दाहाल | ,, | महेन्द्र मोरङ्ग आदर्श ब.क्याम्पस,विराटनगर | ,, |

**क्रमशः ४ पृष्ठमा**

**उपप्राध्यापक**

| नाम | विषय | नियुक्ति स्थान | नियुक्ति लागु मिति |
|---|---|---|---|
| श्री रीता सुवेदी | व्यवस्थापन | सरस्वती बहुमुखी क्याम्पस,लेखनाथमार्ग | २०६४।१०।२३ |
| श्री विष्णुप्रसाद बराल | " | पृथ्वीनारायण बहुमुखी क्याम्पस,पोखरा | " |
| श्री रामजी भण्डारी | " | " | " |
| श्री रामराज शर्मा | " | भैरहवा बहुमुखी क्याम्पस,भैरहवा | " |
| श्री बाबुराम काफ्ले | " | " | " |
| श्री लक्ष्मण पोखेल | " | महेन्द्र बहुमुखी क्याम्पस,नेपालगञ्ज | " |
| श्री पिताम्वर लामिछाने | " | " | " |
| श्री प्रकाश लामिछाने | " | " | " |
| श्री ललन द्विवेदी | " | ठाकुरराम बहुमुखी क्याम्पस,वीरगञ्ज | " |
| श्री सुशील भट्टराई | " | " | " |
| श्री विजयप्रसाद | " | " | " |
| श्री अरुणकुमार साह | " | जुम्ला बहुमुखी क्याम्पस,जुम्ला | " |
| श्री युवराज पौड्याल | " | त्रिभुवन बहुमुखी क्याम्पस,पाल्पा | " |
| श्री जनपुकार मुनकर्मी | " | " | " |
| श्री राजेश्वरप्रसाद उदय | " | " | " |
| श्री निर्दोष खनाल | " | " | " |
| श्री अग्निप्रसाद पौडेल | राजनीतिशास्त्रशिक्षा | पृथ्वीनारायण बहुमुखी क्याम्पस,पोखरा | २०६४।१०।२४ |
| श्री ठाकुरप्रसाद बराल | राजनीतिशास्त्र | धनकुटा बहुमुखी क्याम्पस,धनकुटा | " |
| श्रीमती जीना वस्ती सापकोटा | " | " | " |
| श्री भीमनाथ बराल | " | पृथ्वीनारायण बहुमुखी क्याम्पस,पोखरा | " |
| श्री कमलराज पौडेल | " | " | " |
| श्री गजेन्द्रप्रसाद च्वाई | " | " | " |
| श्री देवराज चालिसे | " | " | " |
| श्री तारानाथ घिमिरे | " | महेन्द्ररत्न बहुमुखी क्याम्पस,इलाम | " |
| श्री ज्ञानेन्द्र यादव | रसायनशास्त्र | धनकुटा बहुमुखी क्याम्पस,धनकुटा | २०६४।१०।२५ |
| श्री अजयकुमार झा | " | ठाकुरराम बहुमुखी क्याम्पस,वीरगञ्ज | " |
| श्री भानुकुमार भट्टराई | प्राणीशास्त्र | मेची बहुमुखी क्याम्पस,भद्रपुर | " |
| श्री पितबहादुर नेपाली | " | त्रिभुवन बहुमुखी क्याम्पस,पाल्पा | " |
| श्री आशिषकुमार पाठक | " | बुटवल बहुमुखी क्याम्पस,बुटवल | " |
| श्री जयनारायण श्रेष्ठ | " | केन्द्रीय प्रविधि क्याम्पस,धरान | " |
| श्री चन्द्रकिशोर पाण्डेय | " | सूर्यनारायण स.मो.या.ब.क्याम्पस,सिरहा | " |
| श्री नरसिंह महतो | " | ठाकुरराम बहुमुखी क्याम्पस,बीरगञ्ज | " |
| श्री लालबाबुप्रसाद यादव | " | " | " |
| श्री गणेशप्रसाद तिमिल्सिना | " | पृथ्वीनारायण ब.क्याम्पस, पोखरा | " |
| श्री धर्मेन्द्रलाल कर्ण | " | " | " |
| श्री लक्ष्मीप्रसाद निरौला | " | मेची बहुमुखी क्याम्पस,भद्रपुर | " |
| श्री नरेन्द्र सिंह खत्री | " | सिद्धनाथ विज्ञान क्याम्पस,महेन्द्रनगर | " |
| श्री महादेव विष्ट | " | " | " |
| श्री सरोजप्रसाद साह | " | बीरेन्द्र बहुमुखी क्याम्पस,भरतपुर | " |
| श्री राजेश घोष | " | " | " |
| श्री कुलप्रसाद लिम्बु | " | स्नातकोत्तर क्याम्पस,विराटनगर | " |
| श्री राजेशकुमार यादव | " | धनकुटा बहुमुखी क्याम्पस,धनकुटा | " |
| श्री रामकृपाल यादव | " | सूर्यनारायण स.मो.या.ब.क्याम्पस,सिरहा | " |
| श्री श्यामबहादुर कार्की | कानुन | महेन्द्ररत्न बहुमुखी क्याम्पस,इलाम | " |
| श्री दीननाथ पराजुली | " | " | " |
| श्री अशोककुमार पोखरेल | " | मेची बहुमुखी क्याम्पस,भद्रपुर | " |
| श्री कुलप्रसाद दाहाल | " | " | " |
| श्री विनोदकुमार विष्ट | " | नेपाल ल क्याम्पस,प्रदर्शनीमार्ग | " |
| श्री टंकप्रसाद शर्मा,पौडेल | " | पृथ्वीनारायण बहुमुखी क्याम्पस,पोखरा | " |
| श्री निरञ्जन ज्ञवाली | " | महेन्द्र बहुमुखी क्याम्पस,नेपालगञ्ज | " |
| श्री केशरमणी अर्याल | " | बुटवल बहुमुखी क्याम्पस,बुटवल | " |
| श्री कमलप्रसाद दाहाल | " | महेन्द्र बहुमुखी क्याम्पस,धरान | " |

**क्रमशः ५ पृष्ठमा**

# प्रा.डा. भट्टको सम्मानमा विदाइ कार्यक्रम

काठमाडौं । त्रिभुवन विश्वविद्यालय सेवा आयोगमा लोकसेवा आयोगका प्रतिनिधि सदस्य प्रा.डा. भीमदेव भट्टको ६ वर्षको कार्यकाल २०६५ वैशाख ४ गते समाप्त हुने भएकाले उहाँको सम्मानमा सेवा आयोगले चैत २२ गते विदाइ कार्यक्रम आयोजना गरेको छ ।

उक्त अवसरमा उहाँलाई उपकुलपति प्रा.डा. माधवप्रसाद शर्माले दोसल्ला ओढाइ सम्मान गर्नुभएको थियो भने सेवा आयोगका अध्यक्ष प्रा.डा. शौभाग्यजंग कार्कीले उपहार प्रदान गर्नुभएको थियो ।



**उपकुलपति प्रा.डा.माधवप्रसाद शर्मा प्रा.डा. भीमदेव भट्टलाई दोसल्ला ओढाई सम्मान गर्नु हुँदै ।** *(तस्वीरः त्रि.वि. सूचना शाखा)*

कार्यक्रममा बोल्दै उपकुलपति प्रा.डा. शर्माले निजामती सेवालाई परिमार्जित गरी २१औं शताब्दीअनुकूल बनाउनेतिर क्रियाशील रहनुभएका प्रा.डा. भट्टबाट त्रिविले पनि सिक्न अवसर पाएकोमा उहाँप्रति आभार व्यक्त गर्नुभयो ।

सेवा आयोगका अध्यक्ष प्रा.डा. कार्कीले त्रिवि सेवा आयोगलाई अगाडि बढाउन प्रा.डा. भट्टको मार्गदर्शन महत्त्वपूर्ण रहेको बताउनुभयो ।

त्रिविका शिक्षाध्यक्ष प्रा.डा. सूर्यलाल अमात्यले सेवा आयोगलाई व्यवस्थित तवरमा संचालन गर्न प्रा.डा. भट्टबाट पाएको सहयोगको सराहना गर्नुभयो ।

विदाइ हुन लाग्नुभएका प्रा.डा. भट्टले लोकसेवा आयोग र त्रिवि सेवा आयोगको काम गर्ने परिस्थिति केही भिन्न रहेको बताउँदै त्रिवि सेवा आयोगमा रहेर काम गर्न पाउँदा आफूले विशेष अनुभव गर्न पाएको बताउनुभयो ।

कार्यक्रमको प्रारम्भमा सेवा आयोगका सदस्य प्रा.डा. पेशल दाहालले स्वागत मन्तव्य दिनुभएको थियो भने सेवा आयोग कार्यालयका निमित्त प्रमुख राजु शाक्यले कार्यक्रम संचालन गर्नुभएको थियो ।

**उपप्राध्यापक**.......

| | | | |
|---|---|---|---|
| श्री वीरेन्द्रकुमार यादव | गणित | रामस्वरुप रामसागर ब.क्याम्पस,जनकपुर | २०६४।१०।२५ |
| श्री योगेन्द्रबहादुर प्रधान | ,, | बुटवल बहुमुखी क्याम्पस,बुटवल | ,, |
| श्री इश्वरमणि अधिकारी | ,, | पृथ्वीनारायण बहुमुखी क्याम्पस,पोखरा | ,, |
| श्री पिताम्वर तिवारी | ,, | भैरहवा बहुमुखी क्याम्पस,भैरहवा | ,, |
| श्री खगराज आचार्य | ,, | ,, | ,, |
| श्री विमला मिश्र | ,, | धनकुटा बहुमुखी क्याम्पस,धनकुटा | ,, |
| श्री शिवप्रसाद बास्तोला | ,, | पृथ्वीनारायण बहुमुखी क्याम्पस,पोखरा | ,, |
| श्री राजदेवप्रसाद कुशवाह | ,, | ठाकुरराम बहुमुखी क्याम्पस,वीरगञ्ज | ,, |
| श्री चन्द्रदेव पाठक | ,, | सिद्धनाथ विज्ञान क्याम्पस,महेन्द्रनगर | ,, |
| श्री सुरेन्द्रराज पाठक | ,, | ,, | ,, |
| श्री गजराम दमाई | ,, | ,, | ,, |
| श्री नारायणकुमार कार्की | ,, | त्रिभुवन बहुमुखी क्याम्पस,पाल्पा | ,, |
| श्री राजेन्द्रकुमार श्रेष्ठ | ,, | महेन्द्र ब. क्याम्पस,नेपालगञ्ज | ,, |
| श्री योगेन्द्र प्रधान | ,, | बुटवल बहुमुखी क्याम्पस,बुटवल | ,, |
| श्री नवोनारायण झा | ,, | मेची बहुमुखी क्याम्पस,भद्रपुर | ,, |
| श्री कृतिका गौतम | माईक्रोबायोलोजी | आयुर्वेद क्याम्पस,कीर्तिपुर | ,, |
| श्री प्रदिपकुमार शाह | ,, | त्रिचन्द्र बहुमुखी क्याम्पस,घण्टाघर | ,, |
| श्री कमलबहादुर रायमाझी | भौतिकशास्त्र | त्रिभुवन बहुमुखी क्याम्पस,पाल्पा | २०६४।१०।२७ |
| श्री स्वहितवीर सिंह कंसाकार | ,, | पद्मकन्या बहुमुखी क्याम्पस,वागवजार | ,, |
| श्री गोपीचन्द काफ्ले | ,, | बुटवल बहुमुखी क्याम्पस,बुटवल | ,, |
| श्री चन्द्रबहादुर थापा | बनस्पतिशास्त्र | त्रिभुवन बहुमुखी क्याम्पस,पाल्पा | ,, |
| श्री लक्ष्मी श्रेष्ठ | ,, | थापाथली क्याम्पस,थापाथली | ,, |
| श्री विनोदकुमार साह | ,, | रामस्वरुप रा. ब. क्याम्पस,जनकपुर | ,, |

# सहायक क्याम्पस प्रमुखहरूको नियुक्ति

त्रिभुवन विश्वविद्यालयले विभिन्न क्याम्पसका सहायक क्याम्पस प्रमुख पदमा निम्नअनुसार नियुक्त गरेको छ :

| नियुक्त हुनेको नाम | क्याम्पस | कार्यक्रम | नियुक्ति लागु मिति |
|---|---|---|---|
| श्री मोहनीलाल भुषाल | बीरेन्द्र ब.क्याम्पस,भरतपुर,चितवन | दिवा समूह | २०६३।५।१५ |
| श्री एमप्रसाद शर्मा | बीरेन्द्र ब.क्याम्पस,भरतपुर,चितवन | दिवा समूह | २०६३।६।१ |
| श्री दीननाथ शर्मा पण्डित | बीरेन्द्र ब.क्याम्पस,भरतपुर,चितवन | प्रातः समूह | २०६३।५।२५ |
| श्री दिनेशमान मलेगो | पाटन संयुक्त क्याम्पस,पाटनढोका | व्यवस्थापन | २०६४।११।१ |
| श्रीमती तारादेवी चित्रकार | पब्लिकयुथ क्याम्पस,धोबीचौर | प्रातः समूह | २०६४।१२।४ |
| श्री कृष्णप्रसाद वस्याल | नेपाल ल क्याम्पस,प्रदर्शनीमार्ग | विहानी समूह | २०६४।१२।१३ |
| श्री विवेककुमार पौडेल | नेपाल ल क्याम्पस,प्रदर्शनीमार्ग | दिवा समूह | २०६४।१२।१३ |
| श्री देवेन्द्र झा | रामस्वरुप रा. ब.क्याम्पस,जनकपुरधाम | | २०६४।१०।४ पुनः |
| श्रीमती शुभलक्ष्मी राई | मेची बहुमुखी क्याम्पस,भद्रपुर,झापा | दिवा समूह | २०६४।१२।१९ |

# अनिवार्य अवकाश

त्रिभुवन विश्वविद्यालयको सेवामा रहेका निम्न शिक्षकको उमेर निम्न मितिमा ६३ वर्ष पूरा भएकाले उहाँहरूलाई त्रिवि सेवाबाट अनिवार्य अवकाश दिने निर्णय गरिएको छः

| शिक्षकको नाम | कार्यालयको नाम | पद | अवकाश लागु मिति |
|---|---|---|---|
| श्री वीरेन्द्र लाल कर्ण | रामस्वरुप रा.ब.क्याम्पस,जनकपुर | उप प्राध्यापक | २०६४।१२।२६ |
| श्री पुरूषोत्तमलाल श्रेष्ठ | सरस्वती बहुमुखी क्याम्पस,लेखनाथमार्ग | सह प्राध्यापक | २०६४।१२।२६ |
| श्री भीमबहादुर कुंवर | महेन्द्ररत्न क्याम्पस,ताहाचल | सह प्राध्यापक | २०६४।१२।२५ |
| श्री चोलेश्वर शर्मा | त्रिभुवन बहुमुखी क्याम्पस्,पाल्पा | सह प्राध्यापक | २०६४।१२।२२ |
| डा. द्रोणप्रसाद रजौरे | नेपाल र एसियाली अ.केन्द्र,कीर्तिपुर | सह प्राध्यापक | २०६४।१२।१९ |
| श्रीमती द्वारिकालक्ष्मी वैद्य | पाटन संयुक्त क्याम्पस,पाटनढोका | उप प्राध्यापक | २०६४।१२।२१ |
| श्री नरसिंहप्रसाद गुप्ता | रामपुर क्याम्पस,रामपुर | सह प्राध्यापक | २०६४।१२।१९ |
| डा. शालिकराम कोइराला | व्यवस्थापन केन्द्रीय विभाग,कीर्तिपुर | प्राध्यापक | २०६४।१२।१९ |

# राजीनामा स्वीकृत

त्रिभुवन विश्वविद्यालयले विभिन्न पदमा रही सेवा गर्दै आउनुभएका निम्न महानुभावहरूको राजीनामा स्वीकृत गरेको छः

| राजीनामा दिनेको नाम | पद | सेवारत निकाय | राजीनामा लागु मिति |
|---|---|---|---|
| श्रीमती डिला संग्रौला | उप प्राध्यापक | महेन्द्र मोरङ्ग आ.ब.क्याम्पस,विराटनगर | २०६४।११।६ |
| श्री कुल शेखर अधिकारी | सह प्राध्यापक | स्नातकोत्तर क्याम्पस,विराटनगर | २०६५।१।५ |

**प्रकाशक** : सूचना शाखा, त्रिभुवन विश्वविद्यालय,कीर्तिपुर, फोन नं ४३३०३४६
E-mail : tuinformation@yahoo.com
Website : www.tribhuvan-university.edu.np
**सम्पादक** : प्रेमकृष्ण चित्रकार
**सहायक सम्पादक** : राजेश वज्राचार्य
**कम्प्युटर सेटिंग** : पद्मरत्न चित्रकार
**मुद्रक** : त्रि.वि. छापाखाना,कीर्तिपुर, फोन नं. ४३३१३२० र ४३३१३२१

**प्रापकः**